१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "प्रशासकीय अदालत नियमावली, २०४४" रहेको छ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "अदालत" भन्नाले नियम ३ बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनुपर्छ।

(ख) "सदस्य" भन्नाले अदालतको अध्यक्ष समेत सम्झनुपर्छ।

(ग) "रजिष्ट्रार" भन्नाले अदालतको रजिष्ट्रार सम्झनुपर्छ।

३. अदालतको गठनः देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको एक प्रशासकीय अदालत गठन हुनेछः–

(क) श्री ५ को सरकारले तोकेको क्षेत्रीय अदालतको माननीय न्यायाधीश – अध्यक्ष

(ख) श्री ५ को सरकारको सचिव, कानून तथा न्याय मन्त्रालय– सदस्य

(ग) श्री ५ को सरकारको सचिव, सामान्य प्रशासन मन्त्रालय – सदस्य

४. अधिकार क्षेत्रको प्रयोगः (१) अदालतको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यहरूले सामूहिक रूपले गर्नेछन्।

तर दुई जना सदस्य उपस्थित भएमा मुद्दाको कारवाही र किनारा हुन सक्नेछ।

(२) सदस्यहरूको बहुमतको राय अदालतको निर्णय मानिनेछ।

५. म्याद र तारीखः (१) निजामती सेवा नियमावली, २०२१ बमोजिम विभागीय सजाय दिने अधिकारीले भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी दिएको विभागीय सजायको आदेश सुनी पाएको वा त्यसको सूचना तामेल भएको पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले अदालतमा पुनरावेदन दिन सक्नेछ।

तर सम्बन्धित पक्षको काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएमा बढीमा ६० दिन सम्मको म्याद थामिन सक्नेछ।

(२) पुनरावेदनको कारवाहीमा पुनरावेदकले चाहेमा तारीखमा बस्न सक्नेछ। त्यसरी तारीखमा बसेकोमा बीचमा तारीख टुटेमा पनि तारीख टुटेको कारणबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनरावेदनको कारवाही वा निर्णयमा प्रतिकूल असर पर्नेछैन । पुनरावेदनको किनारा भएपछि पुनरावेदकलाई सो निर्णयको जनाउ दिनु पर्नेछ ।

६. पुनरावेदन दर्ता : (१) नियम ५ बमोजिम पुनरावेदन गर्दा पुनरावेदन दिने व्यक्तिले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछः–

(क) आफ्नो नामबाट पुनरावेदन गर्नु पर्नेछ र पुनरावेदनमा आफ्नो ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

(ख) विभागीय सजायको आदेशमा चित्त नबुझेको कुराहरूको कारण र पुनरावेदनमा माग गरेको कुरा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(ग) पुनरावेदन संयमित भाषामा लेखिएको हुनु पर्नेछ ।

(घ) जुन आदेश विरूद्ध पुनरावेदन गरिएको हो सो आदेशको प्रमाणित नक्कल राख्नु पर्नेछ ।

(ङ) कानून व्यवसायी राखेको भए कानून व्यवसायीको नाम र प्रमाण-पत्र संख्या समेत उल्लेख गर्नु पर्नेछ ।

(२) यस नियमावली बमोजिम रीत पुगेको पुनरावेदनपत्र अदालतले दर्ता गरी दिनु पर्नेछ । म्याद नाघेको वा अरू रीत नपुगेको देखिएमा दरपीठ गरी पुनरावेदनपत्र फिर्ता गरी दिनु पर्नेछ ।

तर, रीत नपुगी दरपीठ गरी फिर्ता गरिएकोमा सो मितिले सात दिन भित्र रीत पुऱ्याई ल्याएमा पुनरावेदन दर्ता गरी दिनु पर्नेछ ।

(३) यस नियमावली बमोजिम जुन अधिकारीको आदेश उपर पुनरावेदन दिने हो सोही अधिकारी मार्फत पनि पुनरावेदन दिन सकिनेछ । त्यस्तो पुनरा-वेदन सो अधिकारीले सम्बन्धित मिसिल सहित सात दिन भित्र अदालतमा पठाई दिनु पर्नेछ ।

७. पुनरावेदनको कारवाही किनारा : (१) नियम ६ बमोजिम दर्ता भएको पुनरावेदन-बाट विभागीय सजाय दिने अधिकारीले अपनाएको कार्यविधि सम्बन्धी त्रुटीले अथवा अन्य कुनै कारणले गर्दा पुनरावेदकलाई मर्का परेको छ भन्ने देखिएमा त्यस्तो कारण समेत दर्शाई अदालतले अरू जाँचबुझ गर्ने सजाय दिने अधिकारीलाई आदेश दिन सक्नेछ । त्यसरी आदेश भएकोमा अरू जाँचबुझ गरी त्यस्तो जाँचबुझबाट देखिएका कुराहरू खुलाई अदालतमा पठाउनु पर्नेछ ।

(२) अदालतले यस नियमावली बमोजिम परेको पुनरावेदनको कारवाही गर्दा सम्बन्धित पक्षसंग केही कुरा बुझ्नु परेमा बुझ्न र सम्बन्धित कागजपत्र दाखिल गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विभागीय सजाय दिने अधिकारीलाई निजले गरेको विभागीय कारवाहीको सम्बन्धमा प्राप्त गरेको जानकारीको स्रोत खुलाउन कर लाग्नेछैन ।

(३) अदालतले प्राप्त कागजातको आधारमा सजाय गर्नुपर्ने अवस्थाको औचित्यताको समेत विचार गरी विभागीय सजाय दिने अधिकारीले दिएको सजाय सदर वा बदर गर्न वा सजाय घटाउने वा सफाइ दिने गरी पुनरावेदनमा अन्तिम निर्णय दिनेछ ।

(४) अदालतले आफूकहाँ परेको पुनरावेदनमा त्यस्तो पुनरावेदन परेको मितिले सामान्यतया छ महिना भित्र निर्णय गर्नु पर्नेछ ।

८. पुनरावेदन खारेज नहुने : यस नियमावली बमोजिम अदालतमा परेको पुनरावेदनको टुंगो नलाग्दै त्यस्तो पुनरावेदन दिने व्यक्तिको मृत्यु भएमा पनि पुनरावेदन खारेज नगरी अन्तिम किनारा गर्नु पर्नेछ ।

९. निर्णयको कार्यान्वयन : यस नियमावली बमोजिम परेको पुनरावेदनमा अदालतले गरेको निर्णयको कार्यान्वयन श्री ५ को सरकारले गर्नु पर्नेछ ।

१०. प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न पाउने : अदालतले यस नियमावली बमोजिम परेको पुनरावेदनको कारवाही र किनारा गर्दा यस नियमावली बमोजिमको अधिकारको अतिरिक्त आवश्यकतानुसार प्रचलित कानून बमोजिमको अदालती कार्यविधि सम्बन्धी अधिकार समेत प्रयोग गर्न पाउनेछ ।

११. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : (१) अध्यक्षको सामान्य नियन्त्रण र निर्देशनमा रही अदालतको प्रशासकीय रेखदेख र नियन्त्रण गर्ने कर्तव्य र अधिकार रजिष्ट्रारको हुनेछ । अदालतको सबै कर्मचारीहरू रजिष्ट्रारको प्रशासकीय रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) उप-नियम (१) बमोजिमको काम, कर्तव्यको अतिरिक्त रजिष्ट्रार-को अन्य काम र कर्तव्य देहाय बमोजिमको हुनेछः–

(क) निवेदनपत्र दर्ता गर्ने,

(ख) पुनरावेदन दर्ता गर्ने,

(ग) पुनरावेदकले कानून व्यवसायी नियुक्त गरेकोमा वकालतनामा दर्ता गर्ने,

(घ) अदालतमा दर्ता हुन आएका पुनरावेदनपत्रमा प्रचलित कानून बमोजिम लाग्ने रकम दाखिला गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) अदालतको म्याद, सूचना जारी गर्ने, तामेल गराउने र सो सम्बन्धमा आवश्यक निकासा दिने,

(च) अदालतको आदेश बमोजिम कागजपत्र पेश गर्न लगाउने वा झिकाउने,

(छ) मुद्दा मामिलाको कारवाही र किनाराको लागि मुद्दा पेशी सूची तयार गरी अदालत समक्ष पेश गर्ने र प्रकाशित गर्ने,

(ज) अदालतको आदेश बमोजिम गर्नु पर्ने काम कारवाही सम्बन्धमा लेखापढी गर्ने,

(झ) प्रचलित कानून बमोजिम मिसिल कागजातको नक्कल दिने, तर गोप्य कागजातको नक्कल दिन सक्नेछैन ।

(ञ) पेश भएको सक्कल लिखत काम सकेपछि सम्बन्धित पक्षलाई फिर्ता गर्ने,

(ट) मिसिल कागजातको निरीक्षणको निमित्त परेको निवेदनमा निकासा दिने ।

(३) रजिष्ट्रारले आफूलाई भएको अधिकार आफ्ना मातहतका राजपत्रांकित अधिकृत मार्फत कार्यान्वयन गराउन सक्नेछ ।

१२. अदालतको मुकाम : अदालतको मुकाम काठमाडौंमा रहनेछ ।

१३. छिन्न बाँकी मुद्दाहरू सर्ने : (१) यो नियमावली प्रारम्भ हुँदा निजामती सेवा नियमावली, २०२१ बमोजिम विभागीय सजाय दिने अधिकारीले भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने वा भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी दिएको आदेश उपर विभिन्न कार्यालय वा अधिकारी समक्ष परी छिन्न बाँकी रहेको पुनरावेदन र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० बमोजिम विशेष प्रहरी विभागले गरेको विभागीय कारवाही र सजाय उपर सम्बन्धित अधिकारी समक्ष परी छिन्न बाँकी रहेको पुनरावेदनहरू अदालतमा सर्नेछन् ।

(२) यो नियमावली प्रारम्भ हुनु अगावै विभागीय सजाय दिने अधिकारीले दिएको आदेश उपर पुनरावेदन गर्न बाँकी रहेको भए त्यस्तो पुनरावेदन प्रचलित कानूनले तोकेको म्याद भित्र यसै अदालतमा दिनु पर्नेछ ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।